बैठक संख्या : २००
मिति : २०८३-०७-१६, सोमवार
समय : बिहानको ०७:३० बजे

कमलामाई नगरपालिका नगर प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

श्री उपेन्द्र कुमार पोखरेल	नगर प्रमुख
श्री मन्जु देवकोटा	नगर उप-प्रमुख
श्री नरेश गोले	वडा अध्यक्ष १
श्री ईन्द्र वाईबा	वडा अध्यक्ष २
श्री खड्ग प्रसाद चौलागाई	वडा अध्यक्ष ३
श्री महेन्द्र प्रसाद ढकाल	वडा अध्यक्ष ४
श्री पुर्ण बहादुर खड्का	वडा अध्यक्ष ५
श्री उज्ज्वल कुमार थापा	वडा अध्यक्ष ६
श्री कर्ण बहादुर घिसिङ	वडा अध्यक्ष ७
श्री कोमल कुमार श्रेष्ठ	वडा अध्यक्ष ८
श्री विनोद प्रधान	वडा अध्यक्ष ९
श्री दिप बहादुर कार्की	वडा अध्यक्ष १०
श्री रामबहादुर थिङ	वडा अध्यक्ष ११
श्री भिमबहादुर गुर्मछान	वडा अध्यक्ष १२
श्री केशर वहादुर कार्की	वडा अध्यक्ष १३
श्री राजन न्यौपाने	वडा अध्यक्ष १४
श्री उमा विश्वकर्मा	कार्यपालिका सदस्य
श्री जमुना कुमारी श्रेठ	कार्यपालिका सदस्य
श्री देवि देवकोटा	कार्यपालिका सदस्य
श्री धन कुमारी श्रेष्ठ	कार्यपालिका सदस्य
श्री शिव कुमारी रायमाझी	कार्यपालिका सदस्य
श्री भद्रीमाया हायू	कार्यपालिका सदस्य
श्री मान बहादुर दमाई	कार्यपालिका सदस्य
श्री राजन बहादुर भुजेल	कार्यपालिका सदस्य
श्री कृष्ण प्रसाद गौतम	सचिव (प्र.प्र.अ.)

बैठक संख्या : २००

मिति : २०८३-०७-१६ (सोमबार)

समय : बिहानको ०७:३० बजे

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

प्रस्तावहरु

प्रस्ताव नं. १: निजी वन दर्ता सम्बन्धमा ।

प्रस्ताव नं. २: कृषि फलफुल लगायत साना उद्योग प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ३: आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ४: सिन्धुलीगढी विजयोत्सव सम्बन्धमा ।

प्रस्ताव नं. ५: योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय अनुमोदन र कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. ६: योजना तथा कार्यक्रम स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ७: उद्योग शाखा सम्बन्धमा ।

प्रस्ताव नं. ८: "घ" वर्गको नविकरण सम्बन्धमा ।

प्रस्ताव नं. ९: "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. १०: असाधारण विदा सम्बन्धमा ।

प्रस्ताव नं. ११: सिफारिस सम्बन्धमा ।

प्रस्ताव नं. १२: खेलकुद सम्बन्धमा ।

प्रस्ताव नं. १३: सामुदायिक भवन सम्बन्धमा ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

कमलामाई नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

मिति २०८३ कार्तिक १६ गते बसेको २०० औ नगर कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १: निजी वन दर्ता सम्बन्धमा ।

निर्णयः डिभिजन वन कार्यालय, सिन्धुलीको सिफारिससहित प्राप्त निजी वन दर्ता सम्बन्धी विभिन्न जग्गाधनीहरुको निजो जग्गामा रहेको वनलाई प्रचिलित कानुन बमोजिम निजी वनको रुपमा दर्ता गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन उपयुक्त देखिएकोले संलग्न कागजात तथा सिफारिसका आधारमा आवश्यक जाँचबुझ गरी वन ऐन, २०७६ एवं नियमावली, २०७९ बमोजिम निजी वन दर्ता गर्ने र दर्ता प्रमाणपत्र जारी गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नं. २: कृषि फलफुल लगायत साना उद्योग प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।

निर्णयः यस कमलामाई नगरपालिका वडा नं. ११ स्थित करिना बहुउद्देश्य कृषि फार्म प्रा.लि.लाई नगर प्राथमिक योजना कृषि फलफुल लगायत साना उद्योग प्रवर्द्धन कार्यक्रमबाट फलफुल प्रवर्द्धनको लागि रु ८ (आठ) लाखमा उल्लेखित फर्मको २० प्रतिशत लागत साझेदारीमा कार्यक्रम उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. ३: आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयः

क. कमलामाई नगरपालिका वडा नं १२ बस्ने श्री ज्ञानरथ जोगीको घर मिति २०८३-०६-०९ र १० गतेको अविराल वर्षाको कारणले गर्दा पहिरो गएको हुदाँ पहिरो रोकथापको लागि रु २०,०००/-(अक्षरेपी बिस्स हजार रुपैयाँ मात्र) रकम विपद व्यवस्थापन कोषबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

ख. कमलामाई नगरपालिका वडा नं. १२ अन्तर्गत सालडाँडा, फोक्सिङ, तीनघरे र खर्वनस्थित जग्गामा मिति २०८३-०६-०८ देखि १० गतेसम्म आएको विनाशकारी हावाहुरीका कारण किसानहरुको धानबारीमा परागसेचन प्रक्रिया प्रभावित भई धानबाली नष्ट भएको हुँदा, वडा नं. १२ को कृषि प्राविधिक तथा वडा कार्यालयको क्षति मूल्याङ्कन सम्बन्धी स्थलगत प्रतिवेदन अनुसार प्रकोप व्यवस्थापन कोषबाट आर्थिक सहयोग सम्बन्धित कृषकहरुलाई छुट्याई उपलब्ध गराउने निर्णय गरियो।

ग. कमलामाई नगरपालिका वडा नं ७ बस्ने श्री सुन्तली विश्वकर्माको गोठमा मिति २०८३-०६-११ गते पहिरो गएको हुदाँ गोठ संरक्षण तथा पहिरो रोकथापको लागि रु ७,०००/-(अक्षरेपी सात हजार रुपैयाँ मात्र) रकम विपद व्यवस्थापन कोषबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

घ. कमलामाई नगरपालिका वडा नं ८ निवासी श्री गोकु बहादुर दमाईको दुबै आखाँमा समस्या भएको र निजको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले उपचारको लागि निज श्री गोकु बहादुर दमाईलाई रु ६,०००/-(अक्षरेपी छ हजार रुपैयाँ मात्र) रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

ङ. कमलामाई नगरपालिका वडा नं ४ निवासी श्री पदम बहादुर कार्कीलाई मुटु सम्बन्धी रोग लागेको र निजको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले उपचारको लागि निज श्री पदम बहादुर कार्कीलाई रु १०,०००/-(अक्षरेपी दश हजार रुपैयाँ मात्र) रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

च. कमलामाई नगरपालिका वडा नं ४ स्थित सातपत्रे निवासी श्री गुने सार्कीलाई मृगौला सम्बन्धी रोग लागेको र निजको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले उपचारको लागि निज श्री गुने सार्कीलाई रु १०,०००/-(अक्षरेपी दश हजार रुपैयाँ मात्र) रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

छ. कमलामाई नगरपालिका वडा नं ४ निवासी श्री विष्णु बहादुर सार्की लामो समयदेखि बिरामी भएको र निजको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले उपचारको लागि निज श्री विष्णु बहादुर सार्कीलाई रु ७,०००/-(अक्षरेपी सात हजार रुपैयाँ मात्र) रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

ज. कमलामाई नगरपालिका वडा नं २१ निवासी श्री विमला वि.क. को छोरा श्री घनश्याम वि.क. लामो समयदेखि बिरामी भएको र निजको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले उपचारको लागि विमारीको आमालाई रु. ६,०००/-(अक्षरेपी छ हजार रुपैयाँ मात्र) रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

झ. कमलामाई नगरपालिका वडा नं १ डांडीका स्थायी निवासी श्री मान बहादुर बुढाथोकीको बुहारी, कृष्ण बहादुर बुढाथोकीको श्रीमती विष्णु कुमारी बुढाथोकीको दुबै मृगौला फेल भएको र निजको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले उपचारको लागि निज श्री विष्णु कुमारी बुढाथोकीलाई रु २५,०००/-(अक्षरेपी पच्चीस हजार रुपैयाँ मात्र) रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

ञ. कमलामाई नगरपालिका वडा नं ९ पन्नेसी स्थायी निवासी श्री चित्र बहादुर तामाङको छोरा मेख लाल तामाङको पिसाबथैली एवं बाँया खुट्टाको नशा सम्बन्धी रोगको समस्या भएको र निजको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले उपचारको लागि निज श्री मेख लाला तामाङलाई रु ५०,०००/-(अक्षरेपी पचास हजार रुपैयाँ मात्र) रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

ट. कमलामाई नगरपालिका वडा नं ८ निवासी श्री चन्द्र माया नेपालीको पति जनक नेपाली बिरामी भई सिन्धुली जिल्ला अस्पतालमा मिति २०८३-०६-१९ गते मृत्यु भएको र निजको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले शववाहन खर्च वापत रु १०,०००/-(अक्षरेपी दश हजार रुपैयाँ मात्र) रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

ठ. कमलामाई नगरपालिका वडा नं ८ स्थायी निवासी श्री बोध बहादुर कार्कीको बसोबास गरेको ईटा सिमेन्टले बनेको जस्ताको छानाको अर्धपक्की घर र गोठ(चौपाया, दुहुना भैसी, गाई सहित) मिति २०८३-०७-११ गते आगलागी भई घरभित्र रहेको लत्ताकपडा सुनचादी भाडा वर्तन नगद रकम पुर्ण रुपमा जलि नष्ट भएको हुँदा निजलाई रु १००,०००/-(अक्षरेपी एक लाख रुपैयाँ मात्र) रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

ङ. कमलामाई नगरपालिका वडा नं. ८ बस्ने श्री ललिता कुमारी सुनुवारको मिति २०८३-०५-२६ गतेको हावाहुरीले घर क्षति भएको हुदाँ निजलाई रु ४०,०००/- (अक्षरेपी चालिस हजार रुपैयाँ मात्र) रकम विपद व्यवस्थापन कोषबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

ढ. यस कमलामाई नगरपालिकाका नगरवासीहरुलाई स्वास्थ्य उपचार तथा अन्य आकस्मिक/विशेष परिस्थितिमा आर्थिक सहायता उपलब्ध गराइदिन भनी सम्बन्धित वडा कार्यालयको सिफारिस, अस्पतालको उपचारसम्बन्धी कागजात, निवेदन तथा उपलब्ध अन्य प्रमाणका आधारमा नगर प्रमुखज्यूको तोकादेशमा विभिन्न मितिमा तपशिल बमोजिम भुक्तानी गरिएको आर्थिक सहायता रकम अनुमोदन गर्ने निर्णय गरियो।

तपशिलः

सि.नं.	नाम थर / सम्बन्ध	ठेगाना	सहायता रकम (रु.)	कैफियत / आधार
१.	राम बहादुर के.शी	क.न.पा.-०२	६,०००	अस्पतालको बील, निवेदन, नगर प्रमुख ज्यूको तोकादेश
२.	ब्रियांशी ठाडा मगर/बुबा बीर बहादुर ठाडा मगर	क.न.पा.-०२	१४,०००	अस्पतालको कागजात, एम्बुलेन्सको नगदी रसिद, तोकादेश
३.	सुमन हिरामान पाखिन/आमा धन माया गोले	क.न.पा.-०२	१५,०००	अस्पतालको कागजात, वडाको सिफारिस, नगर प्रमुख ज्यूको तोकादेश
४.	साने मिजार/बुबा पुर्ण बहादुर मिजार	क.न.पा.-०४	७,०००	अस्पतालको कागजात, वडाको सिफारिस, नगर प्रमुख ज्यूको तोकादेश
५.	भुपेन्द्र माया सुनुवार/श्रीमान् टेक बहादुर सुनुवार	क.न.पा.-०२	२५,०००	अस्पतालको कागजात, वडाको सिफारिस, नगर प्रमुख ज्यूको तोकादेश
६.	महाविर माझी/अभिभावक फुल माया माझी	क.न.पा.-१४	७,०००	अस्पतालको कागजात, वडाको सिफारिस, नगर प्रमुख ज्यूको तोकादेश
७.	रामजी पोखरेल	क.न.पा.-०४	८,०००	अस्पतालको कागजात, वडाको सिफारिस, नगर प्रमुख ज्यूको तोकादेश
८.	तारादेवी काफ्ले/नाती रोहित प्रसाद अधिकारी	क.न.पा.-०५	५,०००	अस्पतालको बील, निवेदन, नगर प्रमुख ज्यूको तोकादेश
९.	जित बहादुर श्रेष्ठ	क.न.पा.-०५	१०,०००	अस्पतालको कागजात, निवेदन, नगर प्रमुख ज्यूको तोकादेश

कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

१०.	दिनेशराज थापा	क.न.पा.०४	८,०००	अस्पतालको कागजात, वडाको सिफारिस, नगर प्रमुख ज्यूको तोकादेश
११.	मुक्तिराज गिरी	क.न.पा.०४	८,०००	निवेदन, नगर प्रमुख ज्यूको तोकादेश
जम्मा			११३,०००	११ जना

प्रस्ताव नं. ४: सिन्धुलीगढी विजयोत्यव सम्बन्धमा ।

निर्णय: कमलामाई नगरपालिकामा २५९ औ सिन्धुलीगढी विजयोत्सव (२०८३ कार्तिक २४ गते) उत्साहपूर्ण रुपमा सम्पन्न गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ५: योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय अनुमोदन र कार्यान्वयन सम्बन्धमा ।

निर्णय: यस नगरपालिकाको १७ औ नगरसभाबाट विभिन्न शिर्षकमा विनियोजित रकमबाट कार्यान्वयन गर्ने गरी विभिन्न मितिमा देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु संचालन गर्ने गरी स्वीकृती भई कार्यान्वयनमा गएकाको हकमा उक्त निर्णय अनुमोदन गर्ने र कार्यान्वयनमा नगएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

नगर क्षेत्र भित्रका सडक स्तरोन्ती तथा अन्य पुर्वाधार विकास		
सि.नं.	योजनाको नाम र वडा नं.	रकम रु.
१	बाटो स्तरोन्नती कार्य वि.पि. राजमार्ग हुदै बाघमारा आर्यघाट निर्माण क.न.पा. ८	150,000.00
२	गैराबारी देवकोटा जाने सडक निर्माण क.न.पा.३	400,000.00
३	कानीखोला सिम्पानी सडक क.न.पा.३	150,000.00
४	कुडुले सडक मर्मत क.न.पा. ३	200,000.00
५	बाटो स्तरोन्नती कार्य वि.पि. राजमार्ग हुदै सिन्दुरेटार कुवा जाने क.न.पा. ८	250,000.00
६	भ्यानडाडा सडक मर्मत क.न.पा.११	100,000.00
७	एकपाखे सिक्रे सडकबाट मिर्चिङ जाने सडक मर्मत क.न.पा. ११	200,000.00
८	गुँरासे कोच्चे सडक क.न.पा. १	250,000.00
९	आपचौर जखनी बेल्टर सडक स्तरोन्नती क.न.पा. १	200,000.00
१०	मछेली तिनतले खयरसाल गोठखोला थुनुवा क.न.पा. १	200,000.00
११	फोक्सिङ तर ब. सिदाली घर मुनि सडक निर्माण क.न.पा.१२	150,000.00
१२	पल्लो रामपुर छतिवन जाने सडक हुदै धन ब. वज्रु क.न.पा. ७	100,000.00
	जम्मा	2,350,000.00
नगर क्षेत्र भित्रका सिचाई आयोजना मर्मत तथा निर्माण		
सि.नं.	योजनाको नाम र वडा नं.	रकम रु.
१	सिचाई कुलो मर्मत ढुलो सखुवा टोलमा क.न.पा. ८	150,000.00
२	आम्घोटे पुरनी केवरे कुलो मर्मत संरक्षण क.न.पा. ३	400,000.00
३	कैदले सिचाई क.न.पा. ३	100,000.00
४	गणेश बहादुर आलेखेतमा जाने कुलो मर्मत क.न.पा.१२	200,000.00
५	ढरेव गैरीखोला वाझे कृषि सिचाई क.न.पा.१२	250,000.00
६	सिरुटार सिचाई कुलो निर्माण क.न.पा. १	300,000.00
७	सिचाई कुलो मर्मत क.न.पा. ८ सोम ब. देवकोटा	150,000.00
८	धमिले सिस्रेरी सिचाई कुलो क.न.पा.१२	60,000.00

कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

९	बडारे कमर सिचाई मर्मत क.न.पा. ११	65,000.00
१०	सिमले सिचाई योजना क.न.पा.१	100,000.00
११	बेलबोटे सिचाई योजना क.न.पा.१	100,000.00
१२	सिम्पाखे सिचाई कुलो मर्मत ३	100,000.00
१३	लाकुरै जर्गा सिचाई कुलो क.न.पा.१२	50,000.00
१४	कुर्ले भल टयाङकि निर्माण क.न.पा. १२	150,000.00
१५	भद्रकाली पुरानो बेसारे सचाई कुलो क.न.पा.२	50,000.00
१६	बासकटेरी चौकी सिचाई कुलो	50,000.00
१७	आले खोला सिचाई काटोल सिचाई क.नपा. ७	75,000.00
१८	पल्लो रामपुर मोक्तान टोल सिचाई पोखरी क.न.पा.७	50,000.00
	जम्मा	2,400,000.00

नगर क्षेत्र भित्रका विभिन्न खानेपानी योजना सुधार, मर्मत तथा निर्माण

सि.नं.	योजनाको नाम र वडा नं.	रकम रु.
१	भिरगाउ चिसापानी खानेपानी मर्मत क.न.पा. ११	80,000.00
२	थाक्ले फेदी काभ्रेभन्ज्याङ ईन्टेक निर्माण क.न.पा.७	100,000.00
३	ठुलीटार खा.पा. मर्मत क.न.पा.७	50,000.00
४	बज्जु टोल खानेपानि ईनार क.न.पा.७	40,000.00
५	वल्लो रामपुर फेदी खोला खानेपानि मर्मत क.न.पा.७	100,000.00
६	वुदुवा खोला खानेपानी मुहान सरसफाई तथा मर्मत, वडा नं. १२	150,000.00
	जम्मा	520,000.00

विपत

सि.नं.	योजनाको नाम र वडा नं.	रकम रु.
१	सिचाई कुलो मर्मत क.न.पा.११ धमिले फाट सिचाई	500,000.00
२	कालिका मा.वि. पल्लोरामपुर पहिरो नियन्त्रण क.न.पा.७	200,000.00
३	पहिरो निर्माण क.न.पा. ८ प्रेम ब. बेवार	200,000.00
४	घर संरक्षण बुधुवा क.न.पा. १२	25,000.00
५	पहिरो रोकथाम क.न.पा.७	30,000.00
६	वडाहरुका सडक सरसफाई तथा मर्मत	1,600,000.00
७	गैराबारी-आरुबोटे-पिपले राडक मर्मत तथा स्तरोनन्ती, क.न.पा.३	400,000.00
८	धमिले खोला हुँदै पुष्पलाल श्रेष्ठको घरसम्म जाने गोरेटो बाटो मर्मत तथा कुलो स्तरोन्नती, क.न.पा.-११	200,000.00
९	साङ्वाले डाँडा जाने सिँढी निर्माण, वडा नं. ४	150,000.00
१०	खानेपानी जडान तथा वडा कार्यालयको भवन घेराबेरा तारजाली, वडा नं. १२	200,000.00
	जम्मा	3,505,000.00

मर्मत सम्भार

सि.नं.	योजनाको नाम र वडा नं.	रकम रु.
१	चपौली स्वास्थ्य चौकी भवन पहिरो नियन्त्रण क.न.पा.३	150,000.00
२	थुलुवा प्रकाश टोल बत्ती संरक्षण क.न.पा. १	150,000.00
	जम्मा	300,000.00

कन्टेन्जेन्सी

सि.नं.		रकम रु.
१	फिटिङ सामुहिक भवन निर्माण क.न.पा. ११	250,000.00
२	वडा नं. ४ विभिन्न स्थानमा प्रतिक्षालय मर्मत सम्भार क.न.पा.४	250,000.00
	जम्मा	500,000.00

विभिन्न जातजाति कला संस्कृति संरक्षण तथा सम्बर्द्धन

१	रक्तमाला मन्दिर रंगरोगन कार्य क.न. पा. ४	200,000.00
२	बाराही देवी मन्दिर स्तरोन्नती क.न.पा.८	200,000.00
	जम्मा	400,000.00

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ६: योजना तथा कार्यक्रम विवरण सम्बन्धमा ।

निर्णय: यस नगरपालिकाको १७ औं नगरसभाबाट विभिन्न शिर्षकमा विनियोजित रकमबाट कार्यान्वयन गर्ने गरी देहाय बमोजिमका योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

नगर क्षेत्र भित्रका सडक स्तरोन्ती तथा अन्य पुर्वाधार विकास		
सि.नं.	योजनाको नाम र वडा नं.	रकम रु.
१	नया गाउ सडक स्तरोन्नती क.न.पा. २	१००,०००।-
२	हिमालटोल बाटो स्तरोन्नती मधुटार क.न.पा.५	१००,०००।-
३	रानाटोल गुरासे सडक स्तरोन्नती क.न.पा. १२	४००,०००।-
	जम्मा	६००,०००।-
नगर क्षेत्र भित्रका सिचाई आयोजना मर्मत तथा निर्माण		
सि.नं.	योजनाको नाम र वडा नं.	रकम रु.
१	मुल कुलो घर्तिखोला ढलान क.न.पा. २	२५०,०००
२	चिसापानी खोला देखि भोटेश्वारा सिचाई कुलो क.न.पा. २	१००,०००
३	स्वारा सिचाई क.न.पा. ३	७५,०००
४	ढाप्सार पाख्रीनटोल सिचाई योजना क.न.पा. ८	१५०,०००
५	लुकुवा माथिल्लो सिचाई क.न.पा. १	१५०,०००
	जम्मा	७२५,०००।-
नगर क्षेत्र भित्रका विभिन्न खानेपानी योजना सुधार, मर्मत तथा निर्माण		
सि.नं.	योजनाको नाम र वडा नं.	रकम रु.
१	बुदुना खानेपानी मर्मत क.न.पा. १२	१५०,०००।-
	जम्मा	१५०,०००.००
विपत		
सि.नं.	योजनाको नाम र वडा नं.	रकम रु.
१	पहिरो नियन्त्रण रेशममाया कामी क.न.पा.११	२०,०००।-
	जम्मा	२०,०००.००
मर्मत सम्भार		
सि.नं.	योजनाको नाम र वडा नं.	रकम रु.
१	निवुवाटार स्कुल देखि झोलुङ्गेपुल हुदै दुवे जोड्ने सिढी रेलिङ क.न.पा.२	२५०,०००।-
	जम्मा	२५०,०००.००
शैक्षिक सुधार		
सि.नं.		रकम रु.
१	मा.वि. गडौली खैरेनी शैक्षिक विकास तथा स्तरोन्नती क.न.पा.७	४००,०००।-
	जम्मा	४००,०००.००
नगर क्षेत्र भित्रका विभिन्न वडाहरुमा खेलमैदान भौतिक पुर्वाधार विकास तथा खेलकुद सामाग्री वितरण		
१	खेल मैदान पुर्वाधार क.न.पा. १ बेल्टार बिहानी युवा क्लब	३५०,०००.००
	जम्मा	३५०,०००.००

प्रस्ताव नं. ७: उद्योग शाखा सम्बन्धमा ।

निर्णय: "घ" वर्गको ईजाजत प्रमाणपत्रका लागि पेश भए अनुसार निर्माण सेवाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी कार्यविधि २०७४ को दोस्रो संसोधन २०७८ को अनुसुचि ५ मा उल्लेख प्रकृया पुरा भएको हुँदा हिमाल डिजाइन एण्ड कन्ट्रक्सन प्रा.लि.

कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

(प्रो, हिमाल बिश्वकर्मा कामी, क न पा ५, सिन्धुली) निर्माण व्यवसायीलाई "घ" वर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ८: "घ" वर्गको नविकरण सम्बन्धमा ।

निर्णयः कमलामाई नगरपालिका कार्यालयबाट हातेमालो बिल्डर्स प्रा लि प्रो. सुमन कुमार श्रेष्ठ क न पा ४ सिन्धुली नामको निर्माण व्यवसाय मिति २०८०।३।१८ मा दर्ता भई ईजाजत प्रमाणपत्र- प्रदान गरिएको निर्माण व्यवसायको हाल सम्म नविकरण नभएको हुँदा आ.व. ०७९।०८० देखि आ.व. ०८३।०८४ सम्म प्रत्येक वर्ष जरिवाना थप सहित नविकरण गर्ने निर्णय निर्णय गरियो ।

प्रस्ताव नं. ९: "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ संशोधन सम्बन्धमा ।

निर्णयः

दफा	भएको व्यवस्था	शंसोधन गर्नुपर्ने	थप
दफा ५ नामसारी सम्बन्धी व्यवस्था	अनुसूची २ बमोजिम भएको	इजाजत पत्र ठाउँसारी/नामसारी दस्तुर प्रत्येक सभाबाट स्वीकृत आर्थिक ऐन अनुसार हुनेछ ।	-
अनुसूची २	विभिन्न दस्तुर सम्बन्धी व्यवस्था	-	ठाउँसारी दस्तुर समावेश गर्नुपर्ने

प्रस्ताव नं. १०: असाधारण विदा सम्वन्धमा ।

निर्णयः यस कमलामाई नगरपालिकामा कार्यरत सव-इन्जिनियर सहायक स्तर पाँचौं तहका कर्मचारी श्री सुरक्षा थापा (क.सं.नं २४०६१८)ले घरायसी तथा पारिवारिक कारणले मिति २०८३ मंसिर १ गतेदेखि लागू हुने गरी १ वर्षको लागि बेतलबी असाधारण विदा माग गर्नु भएकोमा बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६० बमोजिम १ बर्षको लागि बेतलबी असाधारण विदा स्विकृत गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

प्रस्ताव नं. ११: सिफारिस सम्बन्धमा।

निर्णयः यस कमलामाई नगरपालिका वडा नं. ६ स्थित श्री सिद्धबाबा माध्यमिक विद्यालय पानीट्याङ्कीको भौतिक सवलीकरण तथा मर्मतका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा (विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन परिषद्)लाई सिफारिस गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १२: खेलकुद सम्बन्धमा।

निर्णयः यस कमलामाई नगरपालिका स्थित श्री सिन्धुली तेक्वान्दो संघलाई खेलकुद सुदृदिकरण/म्याट खरिदका लागि गर्न खेलकुद विकास पूर्वाधार शिर्षकबाट रु १५०,०००/- रकम उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. १३: सामुदायीक भवन सम्बन्धमा।

निर्णयः यस कमलामाई नगरपालिका क्षेत्र भित्रका सामुदायिक भवनहरु निर्माण मर्मत सुधार कार्यको लागि १७ औं नगरसभाबाट स्वीकृत बजेट, योजना तथा कार्यक्रम अन्तर्गतको आयोजना व्यवस्थापन (कन्टेन्जेन्सी) शिर्षकबाट व्यहोर्ने गरी रु. १५,००,०००।- (पन्ध्र लाख रुपैयाँ) विनियोजन गर्ने निर्णय गरियो।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत